केराबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ

## जनशक्तिहरु करारमा पदपुर्ति गर्ने सम्बन्धी सुचना।

(प्रथम पटक प्रकाशित मिति: २०८०/०२/३०)

यस गाउँपालिकामा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (रेमी) परियोजना संचालन गर्नका लागि निम्नानुसारका जनशक्तिको आवश्यकता भएको योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहायका पदका लागि यो सूचनाको मितिले ७ (सात) दिनभित्र तोकिए बमोजिमका कागजात सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:-

| क्र.सं | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | २०/२०७९/०८० | परिवार परामर्शकर्ता | छैठौ | १ जना | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क, पब्लिक हेल्थ, बि.एड. स्वास्थ्य शिक्षामा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ वा हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको।<br>• सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| २ | २१/२०७९/०८० | रोजगार परामर्शकर्ता | छैठौ | १ जना | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पूरा गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तीमा १ वर्ष कार्य गरेको।<br>• वैदेशिक रोजगारीबाट फर्केको, स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाई प्राथमिकता हुनेछ। |
| ३ | २२/२०७९/०८० | सामाजिक परिचालक | पाँचौ | १ जना खुल्ला | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट १०+२ उत्तीर्ण गरी वैदेशिक रोजगारीबाट अनिवार्य फर्केको नै हुनुपर्ने।<br>• स्थानीय भाषामा दख्खल भएको र स्थानीय वासिन्दालाई प्राथमिकता हुनेछ। |
| ४ | २३/२०७९।०८० | सामाजिक परिचालक | पाँचौ | १ जना महिला | |

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

(१) **परीक्षाको किसिम:-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता। (छनोट परीक्षामा सुरक्षित वैदेशिक रोजगारी तथा सामाजिक तथा आर्थिक पुन:एकीकरण लगायतका विषयवस्तुहरु समावेश हुनेछन् साथै परीक्षाको पाठ्यक्रम गाउँपालिकाको वेभसाइटमा उपलब्ध छ।)

(२) **आवश्यक कागजातहरु र दरखास्त दिने स्थान:-** माथि उल्लिखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो एक प्रति, परिवार परामर्शकर्ताको हकमा ६ महिनाको तालिमको प्रमाणपत्र, रोजगार परामर्शकर्ताको हकमा उद्यम विकास सहजकर्ता लेभल २ उत्तीर्ण गरेको प्रमाण, आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित केराबारी गाउँपालिकाको प्रशासन शाखामा कार्यालय समयभित्रमा पेश गर्नुपर्नेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनोट प्रक्रियामा समावेश गरिनेछैन।

(३) **छनोट प्रक्रिया:-** प्रारम्भिक छनोटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, प्रयोगात्मक र अन्तर्वार्ता परीक्षामा समावेश गरिनेछ। अवसरबाट वञ्चितीकरणमा परेका समुदायहरु खासगरी महिला, दलित, जनजाती, मधेसी तथा अल्पसंख्यक वर्गका उम्मेद्वारहरुको समावेशीकरणका लागि सकरात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(४) **दरखास्त दिने अन्तिम मिति:-** २०८० साल असार ४ गते सम्ममा कार्यालय समयभित्र बुझाउन सकिनेछ। आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(५) **तलव तथा अन्य सुविधा:-** परियोजनाको नियम अनुसार हुनेछ।

(६) **उमेर:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएकाको हकमा ४० वर्ष ननाघेको।

(७) **परीक्षा दस्तुर:-** परिवार परामर्शकर्ता र रोजगार परामर्शकर्ता पदका लागि रु. १,००० र सामाजिक परिचालक पदका लागि रु. ४०० साथै दुवै तर्फ दरखास्त दिन थप रु. २०० दस्तुर लाग्नेछ।

(८) **थप जानकारी:** आवेदन फाराम गाउँपालिकाको बेभसाइट www.kerabarimun.gov.np मा उपलब्ध छ। आवेदन फाराम बुझाउने अन्तिम दिनको भोलिपल्ट परीक्षा सम्बन्धी कार्यतालिका प्रकाशन गरिनेछ।

(९) **वैंक खाता विवरण**

खाताको नाम: ग.१.१. आन्तरिक राजश्व खाता केराबारी गाउँपालिका

खाता न: ०५६२०५६५०१४२३००२, बैंकको नाम: एन.आई.सि. एसिया बैंक

कार्यालय कोड न: ८०१०११३१२, राजश्व शिर्षक न: १४२२९

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय केराबारी, मोरङ कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

लिखित परीक्षाको पाठ्यक्रम

## १. परिवार परामर्शकर्ताको पाठ्यक्रम

**क) सेवा सम्बन्धी :**

१) नेपालको संविधान भाग-३, (मौलिक हक र कर्तव्य)

२) नेपालको संविधान अनुसूची ५,६,७,८ र ९

३) वैदेशिक रोजगारी ऐन, २०६४

४) वैदेशिक रोजगारी नियमावली, २०६४

५) रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्बन्धी नियमालवली, २०७५

६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (परिच्छेद (३) को दफा ११ को उपदफा २ (थ))

७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन: एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९)

८) आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि पुन: एकीकरण सवाल

९) स्थानीय तहमा तथा जिल्लामा सञ्चालित आधारभूत स्वास्थ्य, मानसिक स्वास्थ्य र मनोसामाजिक सेवा सम्बन्धी सम्बन्धित कार्यक्रम बारेमा जानकारी।

१०) नेपालमा आधारभूत स्वास्थ्य, मानसिक स्वास्थ्य र मनोसामाजिक सेवा सम्बन्धी व्यवस्थाहरु

११) स्थानीय तहको बजेट तर्जुमा तथा योजना तर्जुमा प्रक्रिया (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५)

१२) सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, साँस्कृतिक, ऐतिहासिक, राजनीतिक तथा समसामायिक विषयवस्तु।

**ख) प्रयोगात्मक सम्बन्धी :**

१) Computer office package (MS-word, Excel and power point)

२) E-mail and Internet skill

केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

**विनोद भट्टराई**
प्रमुख प्रशासकीय अधिकृत

लिखित परीक्षाको पाठ्यक्रम

## २. रोजगार परामर्शकर्ताको पाठ्यक्रम

क) सेवा सम्बन्धी :

१) नेपालको संविधान भाग-३, (मौलिक हक र कर्तव्य)

२) नेपालको संविधान अनुसूची ५,६,७,८ र ९

३) वैदेशिक रोजगारी ऐन, २०६४

४) वैदेशिक रोजगारी नियमावली, २०६४

५) रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र रोजगारीको हक सम्वन्धी नियमालवली, २०७५

६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (परिच्छेद (३) को दफा ११ को उपदफा २ (थ))

७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९)

८) आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि पुनः एकीकरण सवाल

९) स्थानीय तहमा सञ्चालित आयआर्जन तथा रोजगारसँग सम्वन्धित कार्यक्रम (प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन कार्यक्रम(सामी), मेड्पा कार्यक्रम, घरेलु तथा साना उद्योग कार्यालयको सीप विकास तथा उद्यमशीलता कार्यक्रम आदि) बारेमा जानकारी।

१०) स्थानीय तहको बजेट तर्जुमा तथा योजना तर्जुमा प्रक्रिया (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५)

११) सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, साँस्कृतिक, ऐतिहासिक, राजनीतिक तथा समसामायिक विषयवस्तु।

ख) प्रयोगात्मक सम्बन्धी :

१) Computer office package (MS-word, Excel and power point)

२) E-mail and Internet skill

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय केराबारी, मोरङ कोशी प्रदेश, नेपाल

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

<u>लिखित परीक्षाको पाठ्यक्रम</u>

## ३. सामाजिक परिचालक पाठ्यक्रम

**क) सेवा सम्बन्धी :**

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (परिच्छेद (३) को दफा ११ को उपदफा २ (थ))

२) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुन: एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९)

३) आप्रवासन चक्र तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिका लागि पुन: एकीकरण सवाल

४) सामाजिक परिचालन, सामाजिक लागत, विप्रेषण र यसको उपयोग

५) सम्बन्धित जिल्ला तथा स्थानीय तहका भौगोलिक, साँस्कृतिक, ऐतिहासिक, राजनीतिक तथा समसामायिक विषयवस्तु।

**ख) प्रयोगात्मक सम्बन्धी :**

१) आफ्नो वैदेशिक रोजगारीबाट फर्केर आउँदा आफुले भोगेका चुनौतीको अनुभव लेख्ने।

२) Android Mobile मा वैदेशिक रोजगारी सम्वन्धी Mobile Application सञ्चालन सम्बन्धी

३) Email and Internet Skill

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय केराबारी, मोरङ कोशी प्रदेश, नेपाल

विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत